

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ ९ गते मंगलबार ❑ 23 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पार्टीमा एकताको विकल्प छैन : सभापति देउवा

पोखरापत्र संवाददाता
पर्वत, ८ माघ



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीभित्र एकता कायम गर्नुको विकल्प नभएको बताउनुभएको छ। नेपाली कांग्रेस पर्वतको दोस्रो जिल्ला सम्मेलनलाई सोमबार पर्वत सदरमुकाम कुश्माबजारमा सम्बोधन गर्दै सभापति देउवाले कांग्रेसका नेता कार्यकर्ताबीच मेलमिलाप हुन आवश्यक रहेको बताउनुभयो।

नेता तथा कार्यकर्ता एकजुट भएमात्र पार्टी बलियो हुने उहाँको भनाइ थियो । ठूलो त्याग र बलिदानपछि आज नेपाली कांग्रेस मुलुकको पहिलो शक्ति बनेको बताउँदै देउवाले एकताबद्ध कांग्रेसलाई कुनै शक्तिले पनि हराउन नसक्ने बताउनुभयो।

ठूलो दलमा सबैले एकैपटक नेतृत्व पाउन मुस्किल हुने भन्दै सभापति देउवाले भन्नुभयो, "निरन्तर लाग्ने नेताहरू अवसरवाट वञ्चित हुन पर्दैन ।" उहाँले कांग्रेसलाई बलियो बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा हाम्रा साथीहरूबीच मेलमिलाप हुन जरुरी छ। अधिवेशनमा प्रतिस्पर्धा हुन्छ, जित र हार हुन्छ। आज जित्नेले पनि भोलि सधैँ जितिरहन्छ भन्ने हुँदैन । जित्नेले हार्ने साथीसँग सहयोग लिने, हार्नेले जित्नेलाई सहयोग गरेको खण्डमा अहिले आपसमा रहेको समस्यालाई भोलिका दिन मेलमिलाप गर्न सहयोग पुग्नेछ।" देउवाले कांग्रेसले नेतृत्वदायी भूमिकामा बसेर नेपाललाई समावेशी समानुपातिक व्यवस्था र लोकतान्त्रिक व्यवस्था नेपालमा स्थापित गरेको बताउँदै यो व्यवस्थाका कारण आदिवासी जनजाति, अपाङ्गता भएकाको प्रतिनिधित्व हुने अवस्था आएको बताउनुभयो। देउवाले तत्कालका लागि गठबन्धनको विकल्प समेत नरहेको बताउनुभयो । मुलुकको समस्या समाधानका लागि अहिले गठबन्धनलाई निरन्तरता दिनुपर्ने उहाँको भनाइ थियो। कार्यक्रममा नेपाली कांग्रेसका पूर्वमहामन्त्री शशाङ्क कोइरालाले नेपाली कांग्रेस सहभागी भएको वर्तमान सरकारले जनतालाई सुशासनको प्रत्याभूति दिन सक्नुपर्नेमा जोड दिनुभयो । मुलुकमा देखिएको भ्रष्टाचार र महँगीलाई हटाउँदै जनतालाई राहतको अनुभूति दिन सकेमा मात्र पार्टीसमेत बलियो हुँदै जाने उहाँको भनाइ छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्र भण्डारीले आफूले अवसर नपाउँदैमा पार्टी कमजोर बनाउन नहुने बताउनुभयो। उहाँले दिनदिनै युवा विदेशिएको भन्दै यस्तो अवस्थाको अन्त्य हुनुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कांग्रेस केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशी, किरण पौडेल, शारदा पौडेल, उर्मिला थपलियालगायतले सम्बोधन गर्नुभएको थियो।

## कर बृद्धिको विरोध गर्दै कास्की काँग्रेस पोखरा महानगरपालिकामा

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ



नेपाली काँग्रेस कास्कीले पोखरा महानरपालिकाका प्रमुख धनराज आचार्यलाई सोमबार ज्ञापनपत्र बुझाएको छ।

पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि अस्वाभाविक रुपमा वढाएको करको विरोध गर्दै ज्ञापनपत्र बुझाइएको हो। कास्की काँग्रेसका सभापति किशोरदत्त बराल नेतृत्वमा गएको टोलीले ज्ञापनपत्र बुझाएको थियो। ज्ञापनपत्रमा अस्वाभाविक कर वृद्धि घटाउनका लागि पटक पटक अनुरोध गर्दा पनि महानगरले त्यस तर्फ उचित ध्यान नदिएकोमा ध्यानाकर्षण भएको उल्लेख गर्दै राजश्व प्रशासनलाई व्यवस्थित र वैज्ञानिक बनाउन अनुरोध गरिएको छ। ज्ञापनपत्रमा कर घटाउन माग गर्दै महानगरको राजश्व वृद्धि के कसरी गर्न सकिन्छ भन्ने सम्वन्धमा विभिन्न १२ बुँदे सुझाव पनि दिइएको छ।

सुझावहरुमा करको विषयमा सोचाइको परम्परागत घेराभन्दा बाहिर निस्कन, धेरै कर उठाउने नीति होइन धेरै करदाता सिर्जना गर्ने नीति अवलम्बन गर्न, कर बढाएर मात्रै राजस्वको बृद्धि हुदैन भन्ने गाम्भीर्यतालाई महसुस गर्न, लगनशीलता र मितव्ययीताको परम्परालाई स्थापित गर्न र पोखराका निम्ति सपना देख्न र सपना देखाउन सुझाव दिइएको छ । त्यस्तै, दक्ष जनशक्तिको व्यवस्थापन गर्न, समृद्धिका लागि सबै तहका सरकारसँग समन्वय गर्न, कम लगानीमा देखिने गरी विकासका काम गर्न, विकासको योजना प्राथमिकताको आधारमा तय गर्न, जनतालाई नवप्रवर्धनात्मक उद्यमशीलता र उत्पादनसँग जोड्न, बेरुजु र बाँकी बक्यौता उठाउने इमान्दार प्रयास गर्न, करको दायरा वृद्धिका लागि व्यवस्थित अध्ययन/अनुसन्धान गर्न, पर्यटन मैत्री शिष्टाचार र संस्कारको निर्माण गर्न पनि सुझाव दिइएको छ।

कास्की काँग्रेसले पोखराका प्रतिष्ठित उद्योग व्यवसायी, स्थानीय बुद्धिजिवीहरु र पार्टीका नेता तथा शुभचिन्तकहरुको राय सल्लाह र सुझावको आधारमा ज्ञापनपत्र तयार पारेको हो । 'ज्ञापनपत्रमा समेटिएका विषयहरु काँग्रेसका विषय मात्र छैनन्, पोखरेलीको भावना र आवश्यकताहरु हुन् कास्की काँग्रेसका सभापति किशोरदत्त बरालले भन्नुभयो - जिम्मेबार पार्टी भएका कारण माग मात्र गरेका छैनौं, निकासका लागि सुझाव पनि दिएका छौं ।' कुनै व्यक्ति वा संघ संस्थाले आय आर्जन वा व्यवसाय सञ्चालन गरे बापत सरकारलाई अनिवार्य रुपमा बुझाउनु पर्ने वित्तीय शुल्क वा लेवि नै कर हो र कर सरकारको आयको मुख्य स्रोत हो र यसको उपयोग सार्वजनिक हित र समृद्धिका निम्ति गरिन्छ भन्ने कुरामा नेपाली काँग्रेस कास्की सचेत छ , ज्ञापनपत्रमा भनिएको छ। ज्ञापनपत्रमा भनिएको छ - जनताबाट उठेका प्रश्नहरुप्रति नेपाली काँग्रेसको उच्च सम्मान छ । आफ्ना जनप्रतिनिधिहरुले गरेका निर्णयहरु कहिलेकाही जनताको हित अनुकूल हुन नसकेको जन गुनासो रह्यो र आफूलाई पनि त्यसको अनुभूति भयो भने नेपाली काँग्रेस जनताका निम्ति जनताकै चाहनाअनुसार आफूलाई परिमार्जित गर्दै अगाडि बढ्ने राजनैतिक संस्कारलाई स्थापित गराउन चाहन्छ। नेपालको राजनीतिलाई समृद्ध बनाउन र आगामी दिनमा आफ्ना जनप्रतिनिधिहरुलाई जिम्मेवार र उत्तरदायी बनाएर जनताका पक्षमा काम गर्नका लागि थप उर्जा र प्रेरणा प्रदान गर्ने छ भन्ने कुरामा नेपाली काँग्रेस, कास्की विश्वस्त छ ज्ञापनपत्रमा भनिएको छ।

## प्रदेशलाई पूर्ण अधिकार दिनुपर्छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ



गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घ सरकारले प्रदेश सरकारलाई पूर्ण अधिकार दिन माग गर्नुभएको छ।

नेपाली कांग्रेस पर्वतको दोस्रो जिल्ला सम्मेलनलाई सोमबार पर्वतमा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले सङ्घले पूर्ण अधिकार नदिएसम्म प्रदेश सरकारले सोचेअनुसारको विकास गर्न नसक्ने बताउनुभयो । अधिकार प्राप्ति नहुँदा थुप्रै विषय अड्किएको बताउँदै यसले सङ्घीयतालाई समेत कमजोर बनाएको उहाँको भनाइ थियो । केन्द्र सरकारको मात्रै मुख ताक्दा समुन्नत प्रदेश बनाउन नसकिने भएकाले प्रदेशलाई नै समृद्ध बनाउनुको विकल्प नभएको बताउनुभयो। मुख्यमन्त्री पाण्डेले आयातमा निर्भर र निर्वाहमुखी अर्थतन्त्रलाई रूपान्तरण गर्दै आत्मनिर्भर उत्पादनमूलक र निर्यात उन्मुख प्रदेश अर्थतन्त्रको निर्माण गर्ने योजना रहेको बताउनुभयो । उहाँले सङ्घीय सरकारले थोरै बजेट विनियोजन गर्दा पनि विकास प्रभावित हुने गरेको समेत टिप्पणी गर्नुभयो । अर्को प्रसङ्गमा मुख्यमन्त्री पाण्डेले गणतन्त्र उल्ट्याउन चाहने तत्वले कांग्रेसलाई चौतर्फी प्रहार गर्दै कमजोर बनाउने प्रयास गरिरहेको समेत बताउनुभयो। कांग्रेसलाई कमजोर बनाएर प्राप्त उपलब्धिलाई समाप्त पार्न खोजिएको र सम्भव नहुने बताउनुभयो । पार्टीको विधानले दिएको काम, कर्तव्य र अधिकारलाई सामूहिकरूपमा निर्वाह गर्न सकेमात्र कांग्रेस बलियो हुने र एकल बहुमत ल्याउन सकिने उहाँ धारणा थियो।

## मह खाने प्रतियोगितामा जीवनाथ लामिछाने प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ



सुन्दा अनौठो लाग्न सक्छ, दुई दशकअघि मह चाख्ने हुटहुटीकै कारण पोखरा महानगरपालिका-३१ बेगनासका सूर्यप्रसाद लामिछानेले थाल्नुभएको व्यावसायिक मौरीपालन यतिखेर अन्यका लागि प्रेरक बनेको छ।

विसं २०६० मा रु तीन/तीन हजारमा दुईवटा मौरीका घारबाट सुरु गरेका उहाँसँग अहिले भने तीन सय ५० मौरीका घार पुगिसकेका छन् । आफ्नो अनुहार भरी मौरीलाई राख्न सफल भई स्वदेश तथा विदेशमा चर्चा कमाएका लामिछानेसँग मौरीकै कारण नेदरल्याण्डसहित युरोपियन मुलुकमा भ्रमण गर्न पाएका मीठा अनुभव छन् । अनुहार भरी मौरीलाई राखेको उहाँको तस्बिर सन् २०१६ मा राष्ट्रिय समाचार समिति (रासस) मार्फत विभिन्न सञ्चारमाध्यममा स्थान पाएको थियो । आफ्नो व्यावसायिकतामा उत्साह थप्न सञ्चारमाध्यमले ठूलो भूमिका निर्वाह गरेको बताउँदै लामिछानेले मौरीपालनको इच्छा र लगाव हुनसकेमा सामान्य रोजगारीका लागि विदेशिनु नपर्ने बताउनुभयो । बेगनास मौरीघार उद्योगमार्फत मौरीपालन व्यवसाय गरिरहनुभएका लामिछानेले उद्योग स्थापनाको २० औं वार्षिकोत्सव मह खाने प्रतियोगिताका साथ मनाउनुभएको छ।

प्रतियोगितामा १० जना सहभागी भएकोमा पोखरा महानगरपालिका-२३ का जीवनाथ लामिछाने प्रथम हुनुभएको छ । त्यस्तै द्वितीय पोखरा-३० खुदीका वसन्त पौडेल र तृतीय पोखरा-२७ का विक्रम अधिकारी बन्नुभयो। पोखरा-३१ की सृजना लामिछानेले महिला प्रतिस्पर्धीका रुपमा पुरस्कृत बन्नुभएको थियो। कूल तीन सय ग्राम महका लागि तीन मिनेटको समय छुट्याइएकोमा प्रथम, द्वितीय र तृतीयले क्रमशः एक मिनेट ४८ सेकेन्ड, दुई मिनेट आठ सेकेन्ड र दुई मिनेट ११ सेकेन्डमा मह खाएर विजयी हुनुभएको थियो।

विजयीलाई महानगरको वडा नं ३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदी, ३१ का वडाध्यक्ष ढकनाथ कँडेल र मौरीपालक कृषक सूर्यप्रसादले संयुक्तरुपमा मह प्रदान गरी पुरस्कृत गर्नुभएको थियो । प्रथम हुनेलाई एक किलोग्राम महसहित एक फ्रेम चाकासहितको मह, द्वितीय हुनेलाई एक किलोग्राम मह र तृतीय हुनेलाई आधा किलोग्राम मह प्रदान गरिएको थियो।

नेपालमा विभिन्न किसिमका प्रतियोगिता हुने गरेका सन्दर्भमा आफूले गण्डकीमा नै पहिलोपटक यस्तो प्रतियोगिता राखेको जनाउँदै उहाँले यसलाई भाइबन्धु तथा साथीभाइलाई मह चखाउने अवसरका रुपमा समेत लिएको बताउनुभयो।

उद्योगमा महको माग अत्यधिक रहेको बताउँदै उहाँले प्रतिकिलोग्राम रु एक हजार पाँच सयको दरले बिक्री वितरण भइरहेको जानकारी दिनुभयो । वार्षिक करिब एक हजार पाँच सय किलोग्राम मह उद्योगबाट उत्पादन भई बिक्री भइरहेको बताउँदै उहाँले अन्य विभिन्न फार्मबाट समेत थप एक हजार पाँच सय किलोग्राम मह खरिद गरी बिक्री गर्ने गरिएको जानकारी दिनुभयो । महबाटै परिवारको पालनपोषण, पठनपाठनका साथै पाँच जनालाई प्रत्यक्ष रोजगारी दिन सकेको उहाँले बताउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रदेश खेलकुद परिषद गण्डकीको सल्लाहकारमा पराजुली र बोगोटी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

प्रदेश खेलकुद परिषद गण्डकीले सल्लाहकारमा हरिप्रसाद पराजुली र ओलम्पियन टिका बोगोटीलाई मनोनयन गरेको छ।

परिषदको सम्पन्न सातौं बोर्ड बैठकले उनीहरुलाई प्रदेश खेलकुद विकास नियमावली-२०७८ को नियम ३(ज) बमोजिम सल्लाहकारमा मनोनयन गरेको हो। सामाजिक विकास तथा स्वास्थ्य मन्त्री एवं परिषदका अध्यक्ष शुसिला सिम्खडाको अध्यक्षतामा सम्पन्न सातौं बोर्ड बैठक बारे जानकारी दिँदै परिषदका सदस्य सचिव श्रीधर शर्माले उहाँहरुको खेलकुदमा दिएको योगदानको कदर गर्दै सल्लाहकारमा मनोनयन गरेको जानकारी दिएका छन्। सल्लाहकारमा मनोनयन भएका कास्की पोखरा ५ का पराजुली भलिबलका पूर्व अन्तर्राष्ट्रिय खेलाडी तथा नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हुन्। गोरखाका बोगोटी म्याराथन धावक हुन्। उनी सन १९८८ मा सिओल ओलम्पिकमा सहभागिता जनाएका थिए। पराजुली र बोगोटीसहित परिषदमा सल्लाहकार हरुको संख्या ११ पुगेको छ। यसै गरी परिषदको बैठकले साविक पश्चिमाञ्चल क्षेत्र र गण्डकी प्रदेशको तर्फबाट कम्तिमा राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी पूर्व तथा वर्तमान खेलाडीहरु आफै वा तिनका छोरा छोरी कक्षा ११,१२ र सो भन्दा माथि उच्च शिक्षासम्म अध्ययनका लागि सरकारी विद्यालय, क्याम्पस, विश्वविद्यालयमा मासिक शुल्क पुरै छुट तथा नीजि क्षेत्रका विद्यालय, क्याम्पस, विश्वविद्यालय तर्फ ५० प्रतिशत छुटको व्यवस्था मिलाउन मन्त्रालयमा तीन महिना भित्र प्रस्ताव पेश गर्न तथा सम्बन्धित पक्षहरुसंग समेत पहल गर्न तथा सो बारे थप अध्यय गर्न परिषदका उपाध्यक्ष धोज कुमार गुरुङको संयोजकत्वमा परिषदका सदस्य विनय थापा र परिषदका कार्यालय प्रमुख तोपलाल भुसाल र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका विषयगत दुई प्रतिनिधीसहित कुल पाँच सदस्यिय कार्यदल गठन गरी जिम्मेवारी तोकेको छ।

यसै गरी, गण्डकी प्रदेशको तर्फबाट राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका पूर्व तथा बर्तमान खेलाडीहरु, परिषदमा सुचिकृत रेफ्री, कोच (प्रशिक्षक)को स्वास्थ्य सेवा अन्तर्गत औषधी उपचारमा संघिय, प्रादेशिक र स्थानीयतहका सरकारी अस्पतालहरुमा ओपिडी र आकस्मिक सेवामा दर्ता निशुल्क, ल्याब परिक्षण र सर्जरी सेवामा ५० प्रतिशत छुटको व्यवस्थाका लागि तथा नीजि अस्पत्तालमाहरुमा ओपिडी र आकस्मिक सेवामा दर्तामा ५० प्रतिशत छुट, ल्याब टेष्ट र सर्जरी सेवामा २५ प्रतिशत छुटको व्यवस्था मिलाउन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रस्ताव पेश गर्ने र सम्बन्धित पक्षलाई समेत अनुरोध गर्ने निर्णय समेत गरेको छ।

यसै गरी बैठकले बाग्मती प्रदेश खेलकुद विकास बोर्डद्धारा आगामी फागुन २४-३० गते सम्म आयोजित अन्तर प्रदेश राष्ट्रिय खेलकुद-२०८० मा गण्डकी प्रदेशले सबै खेलका विधामा सहभागिता जनाउने निर्णय गर्दै उक्त प्रतियोगितामा भाग लिने खेलाडी छनौटको लागि जिल्ला र प्रदेश स्तरीय छनौट प्रतियोगिता संचालन तथा सहभागिताको लागि आवश्यक पर्ने बजेट रु ३ करोड ५० लाख प्रस्ताव गरी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मार्फत प्रदेश सरकारसंग माग गर्ने निर्णय समेत् गरेको छ भने १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको पूर्व तयारीका लागि ३ करोड ६० लाख समेत मन्त्रालयमा प्रस्ताव पेश गर्ने परिषदले जनाएको छ। परिषदमा सुचिकृत भएका २ यस ४३ जना रेफ्री तथा ३ सय ५१ जना प्रशिक्षकहरुलाई दुर्घटना हुँदाको अवस्थामा आकस्मिक विमा अन्तर्गत औषधी उपचार र क्षतीपुर्ती राहतका लागि बार्षिक बिमा गर्ने गराउने व्यवस्था तथा परिषद र जिल्ला खेलकुद विकास समितिबाट स्विकृति लिई गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटै जिल्लामा राष्ट्रिय, प्रदेश, जिल्ला स्तरीय वा अन्तर जिल्ला प्रदेश स्तरीय वा अन्तर प्रदेश राष्ट्रिय वा रा.खे.प.बाट आयोजित राष्ट्रिय प्रतियोगितामा सहभागी हने खेलाडीहरुको सामुहिक आकस्मिक विमा कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गरेको छ।

महिला शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको प्रस्ताव न १३२५ र १८२० को कार्यान्वयन सम्बन्धमा दोश्रो राष्ट्रिय कार्ययोजना जिल्ला निर्देशक समितिको बैठक आइतबार सम्पन्न भएको छ। सो निर्देशक समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले दोश्रो रास्ट्रीय कार्ययोजना मुताबिक जिल्ला निर्देशक समिति गठन गरिएको बताउनु भयो। उहाले सोही मुताबिक पालिकामा समेत कार्ययोजनाका काम छिटोभन्दा छिटो अगाडी बढाइने उल्लेख गर्नु भयो।

# पर्वतको लेप्रेमा लाटोकोसेरो तथा हुचील उत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ



पर्वत जिल्लाको जलजला गाँउपालिका–५ लेखफाँट लेप्रेमा नेपाल लाटोकोसेरो तथा हुचील उत्सव २०८० हुने भएको छ।

प्रकृतिका साथीहरु र प्राकृतिक सम्पदा संरक्षणको संयुक्त आयोजना हुने उक्त उत्सव माघ १९ र २० गते लोप्रे स्थित मालिका आधारभुत विद्यालयमा परिसरमा हुने पत्रकार सम्मेलनमा जानकारी गराइयो। नेपालका हरेक ठाँउमा उत्सव गर्दै आएको यो उत्सव ११ औ संस्करण रहेको छ। यस अघि धादिङ, चितवन, नवलपरासी, गोरखा, कास्की, कपिलवस्तु, दोलखा, खोटाङ, स्याङ्जा र कैलाली जिल्लामा यो उत्सव सम्पन्न भएको प्रकृतिका साथीहरुका निर्देशक राजु आचार्यले जानकारी दिए।

किसानको साथी भनेर चिनिने तर संरक्षणको हिसाबले ओझेलमा परेको लाटोकोसेरो तथा हुचीलहरुको संरक्षणका लागि यो उत्सव आयोजना गर्न लागिएको उनले जानकारी दिए। उत्सव सम्पन्न गर्नका लागि स्थानीय याम कुमारी गुरुङको सयोजकत्वमा १७ सदस्यीय नेपाल लाटोकोसेरो तथा हुचील उत्सव मूल आयोजक समिति र विभिन्न ७ वटा उपसमिति गठन गरिएको छ। उत्सवको समयमा चरा तथा प्रकृतिकोअवलोकन, स्थानीय लोपोन्मुख खेलहरु तथा सांस्कृतिक गित तथा नाँचको प्रर्दशनी गरिनेछ। स्थानीय विद्यालयहरुको नाँच, पन्चे बाजा, पुर्ख्यौली नाँच, थिएटर नाँच, यानी माया, सालैजु लोपोन्मुख स्थानीय खेलहरु ठेलो, चिल चल्ला, भुरुङ, मौरी बजाउने, उत्सवमा रहने छ। वन विज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थीहरुले लाटोकोसेरो संरक्षण सम्बन्धि नाँच तथा नाटक गाँउपालीका स्तरिय स्थानिय विधालयहरुमा चित्रकला, निबन्ध तथा कविता प्रतियोगिता समेतको आयोजना गरिएको छ। सो अवधिमा लाटोकोसेरो तथा हुचीलको अस्थाई सग्रहालय समेतको निर्माण तथा प्रदर्शनी समेत हुनेछ। सोही प्रदर्शनीमा लाटोकोसेरोको जानकारी भएको सूचनाहरु, चित्रहरु, तथा फोटोहरुकोप्रदर्शनी पनि गरिनेछ। गहुँको छ्वालीबाट, चुराबाट, ढुङ्गाबाट, स्टीलको पाताबाट, लप्सीको दानाबाट तथा माटोबाट बनाइएका लाटोकासेरोहरु समेत प्रदर्शनीमा राखिनेछन्। आठ प्रजातिको लाटोकोसेरोहरुको आवाज सुन्ने र भिडीयो हेर्ने व्यवस्था मिलाइएको छ। उत्सवमा सहभागी हुनेहरुको अनुहार तथा नङ्मा निशुल्क रुपमा लाटोकोसेरो तथा हुचीलको चित्रसमेत बनाइने व्यवस्था गरिएको छ। उत्सवमा लाटोकोसेरोको एक फिट अग्लो रोबोट समेत प्रदर्शनी गरिनेछ। त्रिभुवन विश्वविद्यालय अर्न्तगत प्राकृतिक विज्ञान संग्रहालयबाट लाटोकोसेरोको नमुनाहरुपनि प्रदर्शनीमा राखिने छ। सो अवसरमा वन्यजन्तु अनुसन्धानकर्मीहरुको आफ्नो अनुसन्धानको बारेमा पोष्टरहरु प्रस्तुती गर्नेछन्। वातावरण क्षेत्रका विभिन्न संघ सस्थाहरुको जानकारीमुलक स्टलहरु समेत रहने छ। सो अवसरमा स्थानिय रुपमा उत्पादन भएका सामाग्रीहरुको प्रदर्शनी तथा विक्रीवितरणको समेत व्यवस्था गरिएको छ। उक्त अवसरमा चार जनाअनुसन्धानकर्मीसंरक्षणकर्मीहरुलाई संरक्षणको क्षेत्रमा गरेको योगदानको कदर गर्दै प्रकृति संरक्षण पुरस्कार प्रदान गरिने भएको छ। संरक्षणकर्मीहरुलाई जनही २५ हजार सहित ताम्रपत्र तथा दोसल्लाबाट सम्मान गरिने छ। यस वर्ष पुरस्कृत हुनेहरुमा, क्षेत्रपाटी काठमाण्डौका राजेन्द्र सुवाल, भजनी कैलालीका हिरुलाल डंगौरा, बाह्रबिसे सिन्धुपाल्चोकका कुमार पौडेल र कोहलपुर, बाँकेका याम बहादुर रावत रहेका छन्। लामो समय देखि चरा, सिमसार तथा वन्यजन्तुसंरक्षणमा योगदान गरेको चरा संरक्षण नेटवर्क, कैलालीलाई सम्मान गर्न लागिएको छ। सो अवधिमा स्थानीय तहमा रहेर प्रकृति र पर्यापर्यटनमा योगदान गरेका आर के अदिप्त गिरी र समिर रेग्मी लाई ताम्रपत्र र दोसल्लाले अभिनन्दन गरिने छ। स्थानीय सांस्कृतिक कार्यक्रम तथा खेलहरुको माध्यमबाट आन्तरिक पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्धेश्य उत्सवको रहेको छ। यस किसिमको उत्सव नेपालबाहेक संसारभर अमेरिका, इटाली र भारतमा मात्र मनाइन्छ।

गैँडा लगायतका वन्यजन्तुहरुकै हाराहारीमा शिकार तथा अवैध व्यापार हुन थालेपछि यिनको संरक्षणमा पनि चासो बढेको हो। औषधी, झारफुक तथा घरमा पाल्नका लागि भारत, चीन लगायत विभिन्न खाडी मुलुकहरुमा यिनको अवैध कारोबार हुने गर्दछ। प्रकृतिका साथीहरु नामक संस्थाले ४६ वटा जिल्लामा १६ वर्ष अघि गरेको प्रारम्भिक अध्ययनको आधारमा नेपालबाट वार्षिक कम्तीमा २ हजार वटासम्म लाटोकोसेराहरु तथा हुचीलहरु मारिने तथा विभिन्न मुलुकहरुमा अवैध रूपमा पठाइने गरेको भेटिएको थियो। यो संख्या हाल आएर १ हजार ५ सय भएको छ। नेपालमा यिनीहरुको वासस्थान तराइदेखि हिमालसम्म फैलिएको छ। यिनको संख्याको बारेमा नेपालमा अध्ययन नभए पनि हालसम्म २३ प्रकारका लाटोकोसेरोको प्रजातीहरु अभिलेख गरिसकिएको छ जसमध्ये ९ प्रजातीहरु नेपालमा दुर्लभ मानिन्छन्। यसमध्ये एकवटा प्रजातीहरुलाई लामो समय देखि नेपालमा अभिलेख गरिएको छैन्। विश्वमा करिब २ सय ६० प्रजातीका लाटोकोसेराहरुपाइन्छन्।(जलजला गाँउपालीका(५,लेखफाँट, लोप्रे) पर्वत जिल्लामा पर्ने भए पनि म्याग्दी जिल्लाको सदरमुकाम बेनी हुदैं पुग्न सकिन्छ। पर्वत बेनी मल्लाज चोकबाट फोर ह्विल जिप वा दुई पाङग्रेबाट करिब २ घण्टामा मल्लाज हुदैं यो ठाँउमा पुग्न सकिन्छ। बेनीबाट उत्सव अवधिभर सहजहोस भनेर नियमीत जिपहरुको व्यवस्था गरिएको छ। नेपालका मुख्य शहरहरुबाट वेनीसम्म बसहरु चल्छन्। पोखरा स्थीत बागलुङ बसपार्कबाट बेनी सम्मको लागि टेक्सिहरु पनि उपलब्ध छन्। महोत्सवको लागि भनेर लोप्रे गाँउमा अस्थाई होमस्टेको व्यवस्था गरिएको छ।

# लक्ष्य हाँसिल गर्दै सकियो पोखरा महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले यती एयरलायन्सको जहाज दुर्घना भएको क्षेत्रमा पोखरा महानगरबाट निर्माण हुन लागेको झोलुंगे पुलमा यूनाइटेड क्लब संग सहकार्य गर्ने बताएका छन्। बाह्रौं पोखरा महोत्सवको समापन समारोहमा बोल्दै मेयर आचार्यले अघिल्लो वर्ष पोखरा महोत्सव सञ्चालन भइरहदा माघ १ गते पोखराको सेती खोँचमा यती एयरलायन्सको जहाज दुर्घटनालाई स्मरण गर्दै महानगरले उक्त क्षेत्रमा स्मृति स्तम्भ निर्माण गसिकेको र उक्त ठाउमा पोखरा महानगरले जहाज दुर्घटना स्थललाई पर्यटकीय गन्तब्य बनाउने गरि झोलुंगेपुल निर्माण गर्ने र उक्त काममा यूनाइटेड क्लब संग सहकार्य गर्ने प्रतिवद्धता समेत गरे।

महानगरले जहाज दुर्घटना भएको क्षेत्र पोखरा १५ र १७ को बीचमा पर्ने सेती नदी माथी झोलुंगेपुल निर्माण गर्ने र उक्त पुल निर्माणमा यूनाइटेड क्लब संग सहकार्य गरेर अगाडि बढ्ने उनको भनाइ रहेको थियो। त्यस्तै यूनाइटेड क्लबले पोखरा महानगरभित्र देखिने गरी कुनै एक काम गरेमा उक्त काममा पनि महानगरले सहयोग गर्ने उनको भनाइ रहेको थियो। पोखरालाई नयाँवर्ष अगाडिनै पर्यटकीय राजधानी घोषणा गर्ने वताउदै मेयर आचार्यले पोखरामा आयोजना हुने मेला महोत्सवहरुले भाषा, कला, साहित्य, संस्कृतिको संरक्षणमा समेत टेवा पुग्ने वताए। पोखरा महानगर भित्र आयोजना हुने मुख्य महोत्सवहरु फरक फरक उद्देश्यले अगाडि वढिरहदा यूनाइटेड क्लबले सामाजिक काम गरेर अगाडि वढिरहेको र महानगरभित्र बन्यजन्तुको अध्ययन केन्द्र आवश्यक रहिरदा पोखरा जुलोजिकल पार्कको कामलाई प्रदेश सरकारले छिट्टै सम्पन्न गर्नतर्फ लाग्नुपर्नेमा समेत जोड दिए। त्यस्तै रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले बिजयपुर र सेती नदिको बिच भागमा मेला महोत्सव नभइरहदा यूनाइटेड क्लबले महोत्सवको आयोजना गरी अमरसिंह क्षेत्रलाई चिनाउन सफल भइको वताउदै आगामी महोत्सवहरुमा रुपा गाँउपालिकामा उत्पादन भएका कृषिजन्य सामाग्रीहरुलाई बिक्री वितरणका लागि गाँउपालिका संग समन्वय गर्न उनले आग्रह समेत गरे। कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले युवाहरुद्वारा सञ्चालित यूनाइटेड क्लवले महोत्सवको आयोजना गरि सामाजिक काम गर्नु आफैमा चुनौतीपूर्ण कार्य रहेको वताउदै सामाजिक सद्भाव कायम राख्न सम्पुर्ण एकजुट हुन आवश्यक रहेको वताए। त्यस्तै डाक्टर कृष्ण केसीले पोखरा महोत्सवले अमरसिंह चोकलाई चिनाउने काम गरेको वताउदै क्लबले अगाडि सारेको सेती नदी संरक्षणको लागि क्लबले वडा नम्बर १० बाटै काम शुरु गर्ने गरी अवधारणा बनाउनसमेत सुझाव दिए। पोखरा १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले पोखरा आफैमा प्रकृतिले दिएको सुन्दर सहर रहिरहदा यूनाइटेड क्लवले पोखरा महोत्सवको आयोजना गरि पोखरामा थप सौन्दर्यता थपेको वताउदै पोखरा महोत्सवमा दर्शक आयो, कति कमाइ भयो भन्दापनि महोत्सवको आयोजना गरि क्लबले समाजिक काम मार्फत जनतामा के सन्देश दियो भन्ने कुरा मुख्य रहेको वताए। अमरसिंह माविका प्रध्यानाध्यापक शेर बहादुर थापाले यूनाइटेड क्लबले सामाजिक काममा अगाडि वढिरहदा आफ्नो विद्यालयमा सभाहलको अभाव रहेको वताउदै सभाहल निर्माणका लागि आग्रह गरे। महोत्सव आयोजक यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले दर्शक र सहयोगी संघ संस्थाहरुकै कारण बाह्रौं संस्करणको पोखरा महोत्सव सफलतापूर्ण सम्पन्न भएको वताए। यूनाइटेड क्लबले महोत्सवकै आयोजना गरि सामाजिक क्षेत्रमा काम गर्दै आइरहेको वताउदै बाह्रौं पोखरा महोत्सव सफल पार्न सहयोग गर्ने मुख्य प्रायोजक, प्रायोजक, सहयोगी संघ संस्था, कलाकार, पत्रकार, सुरक्षाकर्मी, विभिन्न सञ्चार माध्याम र दर्शकहरुलाई धन्यवाद ब्यक्त गरे। कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिए भने क्लवका महासचिव तथा महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले कार्यक्रमको सञ्चालन गरेका थिए। बिश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियान अन्तर्गत "नेपाल कला यात्रा" पुस्तक प्रकाशनको लागि "विश्वको उत्कृष्ट गन्तव्य नेपाल दोस्रो कला प्रदर्शनी"मा ३ सय १ जनाले १२ औं पोखरा महोत्सवमा राखिएको कलाकार प्राज्ञ नगेन सिहंको कलाकृतिहरू अवलोकन गरेका छन।


महोत्सवमा १२ करोड बरावरको कारोबार भएको र २ लाख वढी दर्शकले महोत्सवको अवलोकन गरेको महोत्सवका अर्थ ब्यवस्थापन संयोजक सूर्य बहादुर बानियाँले जानकारी दिए। यसैविच महोत्सवमा टिकट काटेर प्रवेश गर्ने अवलोकन कर्ताहरु मध्येबाट गोलाप्रथामा बम्पर उपहार अन्तर्गत टिकट नम्बर ९३२ ले स्टिल दराज, टिकट नम्बर २८ ले डाइनिङ सेट दुई थान कुर्चि सहित र टिकट नम्बर २०३० ले डाइनिङ टेवुल प्राप्त गरेको छ। त्यसैगरी रेभल एप मार्फत अनलाईन टिकट काटेका टिकट नम्बर १९७८ ले होटल स्नोपिकमा डिनर सहित एकरातको बासको ब्यवस्था, टिकट नम्बर २६१४ ले एक महिनाका लागि वर्ल्डलिंकको निशुल्क इन्टरनेट र टिकट नम्बर २४८६ ले लेकसाइडको प्याराडिसो बार एण्ड ग्रीलमा एक हजार बरावरको फुड भौचर लक्की ड्र मार्फत जितेका छन।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

**सम्पादकीय**

# कहीं नभएको जात्रा सप्तरीमा

कहीं नभएको जात्रा हाँडी गाउँमा भने झैं शिक्षा मन्त्रीको विरोधका बीचमा विश्वविद्यालयको शिलान्यास भएको छ।विश्वविद्यालयका सहकूलपति समेत रहेका शिक्षामन्त्रीलाई प्रहरीले लाठीचार्ज गरेर सिलान्यास गराउनै पर्ने अनौठो अभ्यास भएको छ।रोचक त केन्द्रीय देखि प्रदेशको गठबन्धनमा रहेका दलबीच लोतन्त्रमा नहुने र नसुहाउने काम भएको छ । मधेशमा उदाउँदै गरेको पार्टी जनमत पार्टी र मधेश आन्दोलनबाट जन्मेको जनता समाजवादी नेपाल पार्टी बीचको तानातानीमा कृषि विश्वविद्यालय परेको छ । मधेस प्रदेशका शिक्षा मन्त्रीको विरोधका बीच मधेस कृषि विश्वविद्यालयको सोमबार राजविराजमा शिलान्यास भएको छ ।

सुरक्षाकर्मीको बाक्लो उपस्थितिका बीच राजविराज नगरपालिका-१३ विषहरियामा विश्वविद्यालय भवनको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले संयुक्तरूपमा भवनको शिलान्यास गरेका छन । सरकारमा सहयात्री रहेको जनमत पार्टीका मन्त्री, सांसदसहितले विरोधस्वरुप नाराबाजी गरिरहेका बेला आइपुगेका जसपा अध्यक्ष र मुख्यमन्त्री कार्यक्रम स्थलमा प्रवेश गर्नासाथ शिलान्यास गर्न पुगेका थिए । भवनको शिलान्यास र भूमिपूजन भइरहँदा कार्यक्रमस्थलतर्फ बढ्न खोजेको मन्त्री, सांसद नेतृत्वको जुलुसमाथि प्रहरीले लाठीचार्ज गरिरहेको थियो । प्रहरीको लाठीचार्जले शिक्षा तथा संस्कृती मन्त्री महेशप्रसाद यादवको टाउको फुटेको छ भने प्रदेश सांसदहरूसहित आधा दर्जन कार्यकर्ताहरूलाई चोटपटक लागेको छ । मन्त्री यादवलाई थप चोटपटक लाग्नबाट उनका अंगरक्षकले जोगाएका थिए। सप्तरीबाट पराजित उपेन्द्र यादव र सप्तरीका जनताको अत्यधिक मतबाट निर्वाचित डाक्टर सिके राउतको व्यक्तित्वको लडाँइ चल्दै आएको छ ।

जसपा अध्यक्ष उपेन्द्र यादवलाई स्वागत गर्न पाउँ भन्दै आएको विरोध जुलुसको ब्यानरमा लेखिएको थियो- 'सप्तरीका जनताको विरोधका बाबजुद गैरकानुनी, गैरवैधानिक कार्यक्रममा प्रमुख अतिथि बन्न सप्तरीको जनताको नरसंहार नै गर्न मरिहत्ते गर्नुभएका माननीय उपेन्द्र यादवज्युलाई जनमत पार्टीको तर्फबाट हार्दिक स्वागत गर्दछौं । हामी सप्तरीको शान्ति र सुरक्षाका लागि बाँधिएका छौं ।' उक्त ब्यानरसहित आएको जुलुस कार्यक्रमस्थलमा प्रवेश गरेपछि जनमतका कार्यकर्तामाथि प्रहरीले लाठी चार्ज गरेको थयो। सुरुमा प्रदेश सांसदहरू सतिश सिंह, सकिल अली, भागयश्री चौधरी, रञ्जुकुमारी खंगको नेतृत्वमा आएको जनमत पार्टीका कार्यकर्तालाई प्रहरीले रोकेको थियो। जुलुसमा जनमत पार्टीका नेताहरू सुरेन्द्र मधेसी, ऋषिकेश ठाकुर, निर्मल मण्डल, हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर विरेन्द्र माझी, बलान बिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवसहित सहभागी थिए ।

लगत्तै मधेस प्रदेशका शिक्षा तथा संस्कृतीमन्त्री महेश प्रसाद यादवको नेतृत्वमा आएको जुलुस प्रहरी घेरा तोडदै अघि बढेपछि प्रहरीले लाठीचार्ज गरेको थियो । लाठी प्रहारपछि जुलुस तितरबितर भएको थियो । चोट लागेपछि मञ्चको ५० मिटरको दूरीमा कार्यक्रमस्थलकै प्रांगणमा बसेका शिक्षा मन्त्री यादवसहित जनमत पार्टीका कार्यकर्ताहरूविरुद्ध जाइलाग्न खोजेको जसपाका कार्यकर्ताहरूलाई प्रहरीले रोकेर मञ्चको कार्यक्रमतर्फ फर्काएको थियो ।

सहकूलपतिलाई कुनै जानकारी नै नदिई कामकाज अगाडि बढाएको भन्दै शिक्षा मन्त्री यादवले विरोध गरेका छन्। विवाद र विरोधका बीच भएको शिलान्यास कार्यक्रमका प्रमुख अतिथि उपेन्द्र यादवले सबैलाई धन्यवाद भन्दै आधा मिनेटमा मन्तव्य सकेका थिए । कार्यक्रमको अध्यक्षता गरेका मुख्यमन्त्री सरोज कुमार यादवले कृषि विश्वविद्यालयको लागि ३१ करोड रुपैयाँ छुट्याउन लगाए भन्ने जनमत पाटीको जन्म नहुँदै विश्वविद्यालयको काम अघि बढेको व्यंग्य गरे । उनले विश्वविद्यालयको काम तिव्रताका साथ अघि बढाउने प्रतिवद्धतासमेत गरे। शिलान्यास हुने स्थलमा सशस्त्र र नेपाल प्रहरीका पाँच सय बढी सुरक्षाकर्मी परिचालित थिए ।

विश्वविद्यालयको स्थापना २०७८ मङ्सिर २७ गते भएको थियो। कृषि विज्ञान, पशु, स्वास्थ्य तथा पशु विज्ञान, माछा विज्ञान र खाद्यप्रविधि विज्ञान गरी चार वटा संकाय रहने मधेस कृषि विश्वविद्यालयले हाल कृषि विज्ञानको अध्ययन सुरु गरेको छ। हालः कृषि विश्वविद्यालयको कार्यालय स्थानीय एक विद्यालयको भवनमा रहेको छ । प्रदेश सरकारले विश्वविधालयको भौतिक पूर्वाधार निर्माण र संकायहरु सञ्चालनका लागि ३१ करोड रुपियाँ बजेट विनियोजन गरेको छ । राजविराज नगरपालिकाले भवन निर्माणका लागि २६ बिघा ८ कठ्ठा जग्गा उपलब्ध गराएको छ । मधेशका लागि खुलेका दलबीचमा यो तहको विवादले दुवैलाई फाइदा गर्दैन।सत्ताको आडमा सहयात्रीलाई दबाउनेले निहत्था जनतालाई कुन व्यवहार हुन्छ सहजै अनुमान लगाउन सकिन्छ । द्वन्द्वको वातावरण कायम राखेर गरिने कार्यले सफलता पाउन गाह्रो हुन्छ । समन्वय र सहकार्यबाट मात्र उपलब्धि हासिल गर्न सकिन्छ भन्ने यथार्थ बोध अहिलेको आवश्यकता हो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : स्वस्थ्यमा सुधार |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८६०२०५९६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भन्नुहोस् ।

# नेपाल उद्योग तथा ब्यवसायी महासंघ गण्डकीको प्रथम अधिवेशन पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ

नेपाल उद्योग तथा ब्यवसायी महासंघ गण्डकीको अधिवेशन माघ २० गते पोखरामा आयोजना हुने भएको छ।

उक्त अधिवेशनको ने क पा (एमाले) का उपमहासचिव तथा गण्डकी प्रदेशका संस्थापक मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङले उद्घाटन गर्ने कार्यक्रम रहेको अध्यक्ष सन्जीब बहादुर कोइरालाले जानकारी दिए । अधिबेशनमा अर्थविद तथा पूर्व अर्थमन्त्री डाक्टर युबराज खतिवडा सहितको सहभागिता रहनेछ । गण्डकी प्रदेशका ११ जिल्ला र सम्पूर्ण पालिकाबाट करिब चार सय प्रतिनिधि सहभागी हुने कोइरालाले उल्लेख गरे ।

अधिबेशनले आगामी तीन बर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्ने जनाइएको छ।

# प्याराग्लाइडिङ फेरि सुरु

रासस
चितवन, ८ माघ

बर्षातका कारण रोकिएको भरतपुर महानगरपालिका-२९ मा सञ्चालित प्याराग्लाइडिङ पुस अन्तिम सातादेखि फेरि सुरु भएको छ।

हिमालयन फन्टियर्स प्याराग्लाइडिङका सञ्चालक शेलेन्द्र राउतले वर्षातका कारण बाटो बिँग्रिदा सञ्चालन हुन नसकेको प्याराग्लाइडिङ पुनः सञ्चालनमा ल्याइएको बताउनुभयो । भरतपुर महानगरपालिका-२९, चौकीडाँडा र कविलास रिसोर्ट छेउबाट साहसिक खेलका रूपमा चिनिने प्याराग्लाइडिङको उडान सुरू गरिएको हो ।

सुरुमा चौकीडाँडाबाट मात्रै उडान गरिएकोमा यसपटक दुई ठाउँबाट उडान गरिएको उहाँले जानकारी दिनुभयो । चितवन आउने पर्यटकको बसाइ लम्ब्याउन यसले सहयोग पुग्ने सञ्चालक राउतले बताउनुभयो । सामुन्द्रिक सतहबाट एक हजार ५० मिटर अग्लो स्थानबाट उडान गरिदै आएको छ ।

चितवनको चौकीडाँडा र कविलासबाट उडान हुने प्याराग्लाइडिङ तनहुँ देवघाट गाउँपालिका-५ मा रहेको त्रिशूली नदीको किनारमा अवतरण गर्ने गरी व्यवस्था मिलाइएको छ । यस क्षेत्रबाट उडान गर्दा २० देखि ३० मिनेटको समय लाग्ने उहाँले बताउनुभयो । प्याराग्लाइडिङ उडानका लागि चौकीडाँडाबाट रु आठ हजार र कविलासबाट रु चार हजार शुल्क तोकिएको छ।

नारायणगढ-मुग्लिन सडकखण्डको भोर्लेबाट ९ किलोमिटर उत्तर र जुगेडीबाट ५ किलोमिटर उत्तर हिँडेपछि चौकीडाँडा पुग्न सकिन्छ । कविलास रिसोर्ट नजिकको स्थान नारायणगढ-मुग्लिन सडकबाट तीन किलोमिटरको दूरीमा छ।

# मेरो खातामा पैसा जम्मा भएको छैन : सभापति लामिछाने

रासस
काठमाडौं, ८ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले ग्यालेक्सी फोर के टेलिभिजन छोडेपछि सो टेलिभिजनमा भएको आफ्नो १५ प्रतिशत शेयर बिक्रीवापत आफूले पैसा नलिएको दाबी गर्नुभएको छ।

सहकारीको पैसा दुरुपयोग भएको भन्ने विषयमा विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारको खण्डन गर्दै वनस्थलीस्थित केन्द्रीय पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले सञ्चारमाध्यममा आएको जस्तो रु एक करोड ८० लाख आफ्नो खातामा जम्मा नभएको जिकिर गर्नुभयो ।

"मैले गोर्खा मिडिया नेटवर्क अन्तर्गत सञ्चालित ग्यालेक्सी फोर के टेलिभिजनमा काम गर्दै गर्दा 'गुडविल शेयर'को अपेक्षा गरेको र गुडविल शेयरको प्रावधान नभएकाले त्यसलाई प्रणालीमा ल्याउनका लागि गरिएका बाहेक मैले लिएको वा दिएको छैन", सो सम्बन्धमा उठेका जिज्ञासाको जवाफ दिँदै उहाँले भन्नुभयो ।

"सन् २०२२ जुन १७ मा रु एक करोड ८० लाखको चेक मेरो खातामा क्रेडिट गरिएको तर उक्त चेक इलेक्ट्रोनिक चेक क्लियरिङ (इसिसी)मार्फत चेक क्लियरिङमा पठाउँदा सो खातामा रकम पर्याप्त नभएको हुँदा सो रकम खातामा जम्मा नभएको बैंकले विवरण उपलब्ध गराएको छ", बैंकको पत्र देखाउँदै उहाँले भन्नुभयो ।

पत्रकार सम्मेलनमा पूर्व बैंकर एवम् रास्वपाका नेता अनिल केशरी शाहले पनि उक्त चेक क्लियरिङ नभएकाले उक्त चेकमा उल्लेखित रकम सभापति लामिछानेको खातामा जम्मा नभएको दाबी गर्नुभयो । उहाँले यस्ता घटना बैंकिङ क्षेत्रमा भइरहने भन्दै यो कुनै नयाँ घटना नभएको समेत उल्लेख गर्नुभयो ।

# गुरुङ चलचित्रका कलाकारको पारिश्रमिक बढ्दै

पोखरापत्र संवाददाता
लमजुङ, ८ माघ

पर्यटकीय क्षेत्र गण्डकी प्रदेशमा गुरुङ भाषा संस्कार संस्कृतिमा आधारित चलचित्रको निर्माणक्रम बढ्दै गएको छ। गुरुङ संस्कार संस्कृति जोगाउन कस्सिएका गुरुङ कलाकार पछिल्लो समयमा व्यावसायिक बन्दै गएका छन्।

दक्षिण एशियाकै नमुना तथा स्मार्ट भिलेज लमजुङको क्व्होलासोथर गाउँपालिका-३ घलेगाउँमा जन्मेका गमन घले सफल गुरुङ नायकका रुपमा स्थापित हुनुहुन्छ । उहाँले एउटा चलचित्रमा अभिनय गरेबापत रु तीन लाखसम्म पारिश्रमिक लिने गरेको बताउनुभयो । विसं २०५७ मा गुरुङ चलचित्र 'म्हि सैं' अर्थात् मान्छेको मनबाट अभिनय सुरु गर्नुभएको थियो । उहाँले सुरुमा रु एक हजार छ सयदेखि गुरुङ चलचित्रको यात्रा गर्नुभएको थियो । यस क्षेत्रमा लागेकै २० वर्षभन्दा बढी समय भएका उहाँले 'मनको बाबरी', 'आगे ठागु', 'डैडलो'लगायत ३५ भन्दाबढी गुरुङ चलचित्रमा अभिनय गरिसक्नुभएको छ । त्यस्तै उहाँले आधुनिक, लोकगीत, पप गीत गरी २० गीतमा अभिनय गरिसक्नुभएको छ । मर्स्याङ्दी गाउँपालिकाका विष्णु गुरुङले प्रतिचलचित्र रु ७० हजारदेखि रु ८० हजारसम्म पारिश्रमिक लिने गरेको बताउनुभयो । विसं २०६५ मा 'मिली' चलचित्रबाट अभिनय यात्रा सुरु गर्दै उहाँले 'कर्मको बाटो', 'नबिर्सने माया कर्म', 'मनको मान्छे', 'माया गर्नेलाई माया नमार', 'नबुझ्केको यो मन', 'सवण', 'रामकहानी' लगायतका गुरुङ चलचित्रमा अभिनय गरिसक्नुभएको छ । विगतमा चलचित्रमा काम गर्नका लागि पारिश्रमिकबिना काम गर्नु परे पनि अहिले धेरै थोरै पाइरहेको उहाँको भनाइ छ । त्यस्तै दोर्दी गाउँपालिका पाचोकस्थित छैलुङ्की खुसी गुरुङ फिल्मी क्षेत्रमा नाम चलेको नायिकामध्ये एक हो । उहाँ अभिनित पहिलो गुरुङ चलचित्र 'मैं'(पैसा) हो । उहाँले विसं २०७२ को भूकम्प गएको केही समयपछि सो चलचित्रमा अभिनय गर्नुभएको थियो । "आफ्नो पारिश्रमिक कति हुन्छ भनेर वास्तवमा भन्नु हुँदैन किनभने आफ्नो भाषा संस्कृति बचाउनलाई गुरुङ फिल्म बनाइएको हुन्छ", उहाँले भन्नुभयो, "तर रु ५० हजारदेखि माथि नै पारिश्रमिक लिने गरिएको छ ।" उहाँले हालसम्म आठ गुरुङ चलचित्रमा अभियन गरिसक्नुभएको छ । उहाँले गुरुङ चलचित्रबाहेक गुरुङ गीतमा अभिनय तथा आफ्नै स्वरमा गीत निकालेदेखि लेखन कार्यसमेत गरिसक्नुभएको छ।

त्यस्तै बैंसीसहर नगरपालिका-४ पुरानोकोट घर भएका गुरुङ चलचित्रका नायक मनोज गुरुङले पनि राम्रै पारिश्रमिक लिने गर्नुभएको छ । उहाँले पहिलो पटक विसं २०७६ मा गुरुङ चलचित्र 'आमाको मन'मा अभिनय गर्नुभयो। उक्त चलचित्रमा रु ३० हजार पारिश्रमिक पाएको उहाँले सुनाउनुभयो । सोपश्चात उहाँले 'दिदी बहिनी', 'पूर्णिमा', 'इच्छा', 'सम्बन्धको डोरी', 'डल्स्यो माया'लगायतका चलचित्रमा अभिनय गरिसक्नुभएको छ।

उहाँले प्रतिचलचित्र रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्म चलचित्रको कथावस्तु र निर्माता हेरेर पारिश्रमिक लिने गरेको बताउनुभयो । त्यस्तै म्युजिक भिडियो खेलेको रु ३० देखि रु ४० हजार लिने गरेको उहाँको भनाइ छ। उहाँ अभिनित चलचित्र 'डल्स्यो माया २', 'कुल देउता' लगायतको चलचित्र प्रदर्शनको तयारीमा रहेका छन् ।

# ताचै घरबासको आकर्षणको केन्द्र थोङ्रोप्ली झरना

पोखरापत्र संवाददाता
मनाङ, ८ माघ

पर्यटकीय महत्वको हिमाली जिल्ला मनाङको तल्लो क्षेत्र बसोबासका लागि उपयुक्त छ। यहाँको वातावरण र प्राकृतिक सौन्दर्यले आकर्षित गर्ने भएकाले नासों गाउँपालिका-८ स्थित ताचै घरबास (होमस्टे)मा बस्ने पर्यटकका लागि उपयुक्त वातावरण बनेको हो ।

घरबास नजिकै रहेको थोङ्रोप्ली झरना पर्यटकका लागि आकर्षणको केन्द्र देखिएकाले यलाई प्रवर्द्धन गर्नुपर्नेमा स्थानीयवासीले जोड दिएका छन् । यहाँबाट देखिने हिमाल, उच्च पहाडका दृश्य, ताल, झरना, मनाङीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नका लागि पर्यटक मनाङ आउँछन् । धेरैजसो पर्यटक सिधै जिल्ला सदरमुकाम चामे भएर तिलिचो ताल जान थालेकाले यहाँको रमणीयस्थललाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता खडकिएको हो ।

जिल्लाको प्रवेशद्वार नजिकै रहेर पनि प्रचारप्रसारको अभावले यो थोङरोप्ली झरना ओझेलमा परेको स्थानीयवासी यज्ञ घलेले बताउनुभयो । उहाँले भन्नुभयो, "यस स्थलको प्रचारप्रसार गरी देश विदेशसम्म पुऱ्याउन सके आन्तरिक तथा बाह्य पर्यटक आकर्षित सकिन्थ्यो । स्थानीयवासीसँगै पर्यटनसँग सम्बन्धित अन्य निकायको साथ र सहयोग आवश्यक छ ।"

मुलुकमा लोकतन्त्र र गणतन्त्र आयो केही परिवर्तनकास्वरूप पनि देखिए तर सरकार नै आर्थिकरूपले समृद्ध हुने महत्वपूर्ण पर्यटकीयस्थलप्रति कसैको ध्यान जान नसक्दा ओझेलमा परेकाले आफूहरूलाई चिन्तित गराएको त्यहाँका वडाध्यक्ष यादव घलेको गुनासो थियो ।

"ताचै गाउँको शिरमा रहेको सुन्दर झरनाबाट आठ वटा गाउँ देख्न सकिन्छ", उहाँले भन्नुभयो, "पर्यटन मन्त्रालयबाट केही बजेट लिएर संरचना र रेलिङ बनाउने कार्य भए पनि अझै बाटो पुऱ्याउने कार्य अधुरै छ।" यसलाई दृश्यावलोकनको केन्द्र बनाएर गाउँमा आन्तरिक पर्यटक भित्र्याउने लक्ष्य अगाडि बढाइएको वडाध्यक्ष घलेले उल्लेख गर्नुभयो । प्रकृतिको भरपुर उपयोग गर्नेगरी पर्यटन प्रवर्द्धन गरी स्थानीयवासीको जीवनस्तर उकास्ने उद्देश्यले कार्य गरिरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "तल सुन्दर गाउँबस्ती छ यसको शिरमा रहेको यही झरना नै ताचैको पहिचान हो । होमस्टे पनि रहेको ताचैमा कसैको ध्यान नजानु दुःखद कुरा हो।" "पालिकाको बजेटले मात्र केही गर्न सकिँदैन । सङ्घीय तथा प्रदेश सरकार यस्ता महत्वपूर्ण विषयमा चुकेका छन्। पर्यटकीय क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धनमा उनीहरू लाग्नुपर्छ भन्ने हाम्रो जोडदार माग पनि छ । यस क्षेत्रको विकास र विस्तार हुन सके यो पर्यटकीय गन्तव्य बन्नसक्छ । पर्यटकीय गन्तव्य बनाउन सकिए पालिकालाई मात्र होइन देशकै पनि आम्दानीको स्रोत बन्नेछ", वडाध्यक्ष घलेले भन्नुभयो ।

हुन त अहिले बाह्य पर्यटक छुट्य जस्तै भए पनि आन्तरिक पर्यटकमा भने खासै कमी आएको छैन । अन्नपूर्ण पदमार्गमा सन् २०२३ मा २१ हजार दुई सय ४७ विदेशी पर्यटक भित्रिए। यस पदमार्गमा एक वर्षको अवधिमा आएका पर्यटकमध्ये १२ हजार नौ सय ८१ पुरुष र आठ हजार दुई सय ६६ महिला रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानी मनाङ शाखाले जनाएको छ।

उक्त शाखाका इन्चार्ज भूपेन्द्र गुरुङले आन्तरिक पर्यटकको कुनै तथ्याङ्क नराखिएको जानकारी दिनुभयो । उहाँका अनुसार पर्यटकीय याममा बाह्यभन्दा आन्तरिक पर्यटक नै बढी आउँछन् । यिनै आन्तरिक पर्यटकमध्ये १० प्रतिशत मात्रैलाई पनि थोङरोप्ली झरना लैजान सके ताचैमा आय आर्जनको बाटो खुल्ने थियो ।

# अयोध्यामा राम मन्दिरको उद्घाटन, नेपालमा उल्लास

रासस
काठमाडौं, ८ माघ

मधेस प्रदेशको राजधानी जनकपुरधामबाट पाँच सय किलोमिटर टाढा रहेको भारतको अयोध्यामा राम मन्दिरको आज उद्घाटन भइहँदा मधेससहित नेपालभरि नै उल्लासमय वातावरण बनेको छ।

सोमबार भारतको अयोध्यामा राम मन्दिरको स्थापना र रामलालाको प्रतिमालाई प्राण प्रतिष्ठा दिइने चर्चा विषय बनेको छ । यति खेर जताततै चर्चाको प्रमुख विषय नै राम मन्दिरको उद्घाटन बनेको छ। अयोध्यामा नवनिर्मित भगवान् राम मन्दिरको प्राण प्रतिष्ठालाई लिएर मधेस प्रदेशको राजधानी भगवान् रामको ससुराली जनकपुरधामसहित मधेसका अधिकांश मठमन्दिर रङ्गोगन गरे चिटिक बनाइएको छ भने जताततै राम र हनुमान अङ्कित झन्डा फुन्ड्याइएका छन् । राम मन्दिरको प्राण प्रतिष्ठाका लागि जानकी मन्दिरकोतर्फबाट चाँदीका धनुष वाणलगायत सुनचाँदीका विभिन्न गहना, लत्ताकपडा, फलफूलसहित एक हजारभन्दा बढी भार अयोध्या पठाइसकेको छ भने आज साँझ जनकपुरधामस्थित जानकी मन्दिरमा सवा लाख दीप बालिने भएको छ । राम मन्दिरको प्राण प्रतिष्ठाका दिन एक लाख २५ हजार दीप बाल्नुका साथै विशेष आरती गरिने तयारी गरिएको जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र साहले जानकारी गराउनुभयो । यसका साथै आज उत्सवका रूपमा मनाउन जनकपुरवासीलाई आग्रह गरिएको छ। राम मन्दिरको उद्घाटनका दिन दुवै मुलुकका लागि विशेष भएकाले दीप बाल्न तथा उत्सवमा उपस्थित हुन सबैमा आग्रह गरिएको छ।

त्रेतायुगमै नेपाल र भारतको सांस्कृतिक सम्बन्ध जोडिएको र सोही सम्बन्धका कारण अयोध्यामा उत्सव छाएकाबेला नेपाल पनि उल्लासमय बनेको बताइएको छ। "त्रेतायुगमा राम र सीताको वैवाहिक सम्बन्धले दुई देशलाई एक सूत्रमा बाँधेको छ, जसको उदाहरण रामलालाको प्राण प्रतिष्ठाको अवसर हो", जानकी मन्दिरका उत्तराधिकारी महन्थ राम रोशनदास वैष्णव भन्नुहुन्छ, "भगवान् रामको मन्दिर अयोध्यामा पाँच सय वर्षपछि निर्माण हुनु र रामलालाको प्रतिमाले प्राण प्रतिष्ठा पाउनु सबै सनातनी हिन्दू धर्मावलम्बीका लागि गौरवको कुरा हो र यस अवसरमा जति धेरै उत्सव मनाइन्छ त्यो कम नै हुन्छ ।"

# श्रमदानद्वारा बाँझो बगर करेसाबारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

म्याग्दीको मङ्गला गाँउपालिकाका जनप्रतिनिधि र कर्मचारीले श्रमदान गरेर बाँझो जमिनलाई करेसाबारीमा रुपान्तरण गरेका छन् ।

मङ्गला गाउँपालिका-२ बाबियाचौरको माटेबगरमा रहेको बगरमा जनप्रतिनिधि र कर्मचारीले श्रमदानगरेरतरकारीखेतीगरेरहराभरा बनाएका हुन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवकुमार पौडेलले व्यायमका लागि फुर्सदको समयमा जनप्रतिनिधि र कर्मचारीले करेसाबारीमा श्रमदान गर्ने गरेको बताउनुभयो । "कृषि र प्राविधिक शाखाका कर्मचारीको आवास भवन परिसरको यो बगर पहिले झाडी थियो । झाडी फाडेर खनजोत गरी करेसाबारी बनाएका हौं", उहाँले भन्नुभयो, "करिब दुई रोपनी क्षेत्रफल बाँझो जमिनमा मौसमी र बेमौसमी तरकारी खेती गरेका छौं ।" शारीरिक व्यायम, फुर्सदको समय सदुपयोग, उत्पादन वृद्धि र घरायसी तरकारीमा आत्मनिर्भर बन्नका लागि सन्देश प्रवाह गराउन गत वैशाखमा सरुवा भएर आउनुभएका प्रमुख प्रशासकीय अधिकृत पौडेलले श्रमदान अभियान सुरु गर्नुभएको थियो । अधिकृत पौडेलको अभियानमा गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोका, उपाध्यक्ष पेमा अधिकारी, वडाध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी र बाबियाचौरका बासिन्दाले साथ दिनुभएको छ । फुर्सदको समयमा जनप्रतिनिधि र कर्मचारी कुटो कोदालो हातमा लिएर करेसाबारीमा काम गरेको भेटिन्छन् । बर्खा ममा सिमी, लौका खेती भएको थियो । हिउँदमा बन्दा र काउली उत्पादन हुन थालेको छ । प्याज, लसुन, धनियाँ र साग खेती गरिएको छ । कार्यालय समयबाहेकको साँझ, बिहानको फुर्सद, शनिबार र अन्य सार्वजनिक बिदाका दिन करेसाबारीमा श्रमदान गर्ने गरिएको कृषि शाखाका प्राविधिक जगत बानियाले बताउनुभयो । करेसाबारीको डिलतर्फ घेराबार गर्न गाउँपालिकाले रु ३७ हजार खर्च गरेको छ । अन्य सबै काम श्रमदानबाट गरिएको प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो । प्रत्येक शनिबार बिहान ७ देखि १० बजेसम्म श्रमदानका लागि सहभागी हुन आग्रह गरिएको छ ।

उत्पादन भएको तरकारी जनप्रतिनिधि र कर्मचारीले उपभोग गर्दछन् । घरायसी उपभोगका लागि आफैंतरकारी उत्पादन गर्नुपर्ने सन्देश दिन खोजिएको कृषि प्राविधिक बानियाले बताउनुभयो । प्राङ्गारिक मलको प्रयोग गरेर तरकारी खेती गरिएको हो । रोगकिरा नियन्त्रणका लागि पनि जैविक विषादीको प्रयोग गरिएको करेसाबारीलाई प्रदर्शनीस्थलको रुपमा विकास गर्ने योजना रहेको छ ।

व्यावसायिक तरकारी खेतीबाट आयआर्जनका अलावा करेसाबारी बनाएर घरायसी उपभोगका लागि तरकारी खरिद घटाउन सकिन्छ । व्यायमका लागि करेसाबारीको काम गर्दा स्वस्थ्य र शारीरिक तन्दुरुस्त हुने अनुभव जनप्रतिनिधि र कर्मचारीले सुनाए ।

# रित्तिँदै गाउँका विद्यालय, समायोजन गर्दै नगरपालिका

**डम्मर बुढामगर**
बागलुङ, ८ माघ

गाउँलेको बजार मोह र युवाको विदेश पलायनले विद्यालय रित्तिँदै गएका छन् । गाउँका विद्यालय रित्तिन थालेपछि बागलुङको गलकोट नगरपालिकाले नजिकको विद्यालयसँग समायोजन गरिरहेको छ । नगरपालिकाले तह मिलान तथा विद्यालय समायोजन कार्यविधि २०७९ नगरसभाबाट पारित गरेर कार्यान्वयन गरिरहेको हो ।

हालसम्म गलकोटका १२ विद्यालय समायोजन भइसकेका छन् भने केही हुने चरणमा छन् । भौतिकरुपमा विद्यालय निर्माण सम्पन्न भए पनि विद्यार्थी नहुँदा पठनपाठनमा समस्या हुने गरेको छ । नगरपालिकाले विद्यालय समायोजनसँगै तह मिलानसमेत गरिरहेको छ । पाँच वर्ष अगाडिसम्म गलकोट नगरपालिकाभर ७४ वटा सामुदायिक विद्यालय थिए ।

ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून भएपछि नगरपालिकाले विसं २०७५ देखि विद्यालय तह मिलान तथा समायोजन गर्न थालेको हो । भौगोलिक दूरी र विद्यार्थी सङ्ख्याको आधारमा कतिपय विद्यालयलाई समयोजन र कतिपयलाई तह मिलान गर्दै आएको छ । अहिले गलकोट नगरपालिकामा ६२ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् । सोमध्ये १३ माध्यमिक र ५१ वटा आधारभूत तहका विद्यालय छन् । अघिल्लो वर्षमात्रै नगरपालिकाले छ वटा विद्यालय समायोजन र पाँच वटा तह मिलान गरेको थियो । दिनप्रतिदिन विद्यार्थी घटेपछि नगरपालिकाले तह मिलान तथा समायोजन गर्दै आएको हो । विद्यालय समायोजनपछि दूरी टाढा पर्ने विद्यार्थीलाई नगरपालिकाले यातायातको व्यवस्था गर्दै आएको छ । तह मिलान तथा विद्यालय समायोजन कार्यविधिमा कक्षा १-३ मा १५ जना, १-५ मा २५, ६-८ मा २१, ९-१० मा २५ र ११-१२ मा २५ जना विद्यार्थी हुनुपर्ने मापदण्ड रहेको गलकोट नगरपालिकाका शिक्षा अधिकृत शिव खड्काले राससलाई जानकारी दिनुभयो । ग्रामीण क्षेत्रका विद्यार्थी कम भएपछि यस वर्ष करिब पाँच वटा विद्यालय समायोजन गर्ने उहाँको भनाइ छ । हाल गलकोटमा आठ हजार विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालय समायोजन तथा तह मिलान गर्दा शिक्षक नपुगेका विद्यालयमा व्यवस्थापन गर्न सहज हुने र शैक्षिक गुणस्तरलाई बढाउन सकिने शिक्षा अधिकृत खड्काको भनाइ छ । विद्यायल समायोजनपछि शैक्षिक सुधार हुँदै गएको छ ।

"चार/पाँच वर्षदेखिनै विद्यालय समायोजन र तह मिलान गर्दै आएका छौं, विद्यालयमा विद्यार्थी कम भएपछि नगरपालिकाले कार्यविधि बनाएरै काम गरिरहेको छ, समायोजन र तह मिलानले केही विद्यार्थीलाई समस्या पर्छ भन्ने थियो तर नगरपालिकाले उनीहरुलाई यातायातको व्यवस्था मिलाएको छ", शिक्षा अधिकृत खड्काले भन्नुभयो, "हरेक वर्ष गाउँका विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो छ, विद्यालयलाई यथावतरुपमा सञ्चालन गर्नका लागि नगरपालिकाले कार्यविधि बनाएको छ, कार्यविधिमा भएअनुसार विद्यार्थी सङ्ख्या कम भएपछि मात्रै समायोजन तथा तह मिलान गर्ने काम भएको हो ।" गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले गाउँका अधिकांश मानिस बजार झरेपछि विद्यालय खाली भएको भन्दै विद्यालयमा शिक्षक खटाउनुभन्दा विद्यार्थीलाई एकै ठाउँमा राखेर पठनपाठन गर्ने र शैक्षिक गुणस्तर बढाउने गरी नगरपालिका लागिरहेको बताउनुभयो । यहाँबाट धेरै सङ्ख्यामा विदेश गएको र आफ्ना बालबालिका पनि उतै लैजाने गर्दा गाउँका विद्यालयमा विद्यार्थी अभाव भएको भण्डारीको भनाइ छ । गत वर्षदेखि वडा नं ७ मा विद्यार्थीका घरघरमा गाडी लिन जाने र अन्य वडाका विद्यार्थीलाई नगरपालिकाले यातायात खर्च दिने गरेको उहाँले बताउनुभयो ।

प्रवक्ता भण्डारीले भन्नुभयो, "पहिला गलकोटका सबै ठाउँमा विद्यार्थीको चाप थियो, शिक्षक व्यवस्थापन र विद्यालयको भौतिक अवस्था कमजोर थियो, तर अहिले सबै विद्यालयमा पूर्वाधार पर्याप्त भएका छन् तर विद्यार्थी घटेर कम छन्, गाउँ अहिले सुनसान बनेका छन्, गलकोट बजार क्षेत्र र मध्यपहाडी लोकमार्ग छेउछाउमा बस्ती विकास हुँदै गयो, माथिल्लो क्षेत्रबाट सबै तल झर्न थाले, त्यसले गर्दा नगरपालिकाले विद्यालय समायोजन गर्न थालेको हो, धेरै विद्यालयका शिक्षक एकै ठाउँमा हुनुहुने भयो, यसले गर्दा शैक्षिक गतिविधि केही सुधार भएको छ ।" विद्यालय समायोजनपछि आजभोलि विद्यार्थी लिन गाडी घरघरमा पुग्छन् । गाडी घरमै लिन आएपछि विद्यार्थी पनि उत्साहित भएका छन् । दैनिक घन्टौं लगाएर विद्यालय पुग्ने विद्यार्थी अहिले केही मिनेटमै पुग्छन् भने समयमै घरमा फर्किने गरेका छन् । गलकोट नगरपालिकाको सबैभन्दा टाढाको बस्ती टोकरी गाउँ हो । यस गाउँबाट आधारभूत र माध्यमिक तह अध्ययन गर्न जनहित माध्यमिक विद्यालय मल्लमा झर्नुपर्थ्यो ।

विद्यालय झर्दा ओरालो पर्ने हुँदा एकै घण्टामा पुग्ने गरे पनि घर फर्किंदा दुई घण्टा बढी लाग्थ्यो । अहिले नगरपालिकाले पिकअप जीपमा विद्यार्थी ओसारपसार गर्न थालेपछि समयमै घरमा पुग्न थालेका छन् । हिउँदमा भन्दा वर्षाद्को समयमा बढी समस्या भोगेको जनहित माध्यमिक विद्यालय कक्षा १२ मा अध्ययनरत विद्यार्थी निकिता थापाले बताउनुभयो । थापाले पोहोरसालसम्म निकै समस्या भोगेको सुनाउँदै यस वर्षदेखि गाडी घरमै लिन आउँदा घन्टौं हिँड्नुपर्ने बाध्यता हटेको सुनाउनुभयो ।

"घरभन्दा स्कूल टाढा छ, घन्टौं हिँडेर पढ्न जानुपर्थ्यो, बिहान चाँडै हिँड्नुपर्ने र ४ बजे बिदा भएर घरमा आउँदा झमक्कै रात परिसक्थ्यो, बाटोमा बाघ र चितुवाको डर हुन्थ्यो, वर्षाद्को समयमा भिज्दै हिँड्नुपर्थ्यो, अहिले घरमै गाडी आउने हुँदा पहिलेको जस्तो समस्या भोग्नुपरेको छैन", उहाँले भन्नुभयो, "पहिला दुई/तीन घन्टासम्म हिँडेर स्कूल आवतजावत गर्दा थकाइ लाग्थ्यो, थकाइले गर्दा पढ्न मन लाग्दैनथ्यो, त्यसले गर्दा पढाई पनि राम्रो हुन सकेको थिएन, अहिले पढाई पनि राम्रो भइराखेको छ, कतिबेला ४ बज्ला र घर पुगौंला भन्ने हुँदैन ।"

# अयोध्या लगिएको देवशिलास्थललाई धार्मिक पर्यटकीय गन्तव्य बनाइँदै

**पोखरापत्र संवाददाता**
लमजुङ, ८ माघ

भारतको अयोध्यामा निर्माण भएकोराममन्दिरपरिसरमाराखिएको देवशिलाको उद्गमस्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न थालिएको छ । अयोध्यामा करिब पाँच सय वर्षपछि पुनःनिर्माण भएको राममन्दिरमा आज मूर्तिको प्राण प्रतिष्ठा हुँदैछ ।

मन्दिरमा हिन्दू धर्मावलम्बीका भगवान् रामको बाल्यकालको मूर्ति बनाउनका लागि गत वर्ष म्याग्दीको बेनी नगरपालिका-६ सेतिपहिरास्थित कालीगण्डकी किनारबाट दुई वटा शिला लगिएको थियो । देवशिलाको उद्गमस्थललाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन लागिएको बेनी नगरपालिकाका प्रमुख शुरत केसीले राससलाई जानकारी दिनुभयो ।

नेपाल सरकारको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार १८ र १६ मेट्रिकटन तौल भएका, सात फिट लम्बाइ, पाँच फिट चौडाइ र तीन दशमलव पाँच फिट मोटाइका दुई वटा शिला उपहार दिइएको हो ।

"नेपालबाट लगिएको देवशिला रामको अवतार भएकाले फुटाउन नहुने धार्मिक गुरुको तर्कपछि अयोध्याको मन्दिर परिसरमा पूजाआजाका लागि संरक्षण गरेर राखिएको छ", नगरप्रमुख केसीले भन्नुभयो, "रामको जन्मभूमि अयोध्या लगिएका शिलाको उद्गमस्थललाई संरक्षण र व्यवस्थापनसँगै प्रवर्द्धन गर्न लागेका हौं ।"

देवशिला उत्खनन् गरिएको ठाउँमा कालीगण्डकी नदीमा स्नान स्थल र स्तम्भ बनाउन लागिएको नगरप्रमुख केसीले बताउनुभयो । उहाँका अनुसार कालीगण्डकी नदीमा बसाह आकारको ढुङ्गालाई पनि संरक्षण गर्ने योजनासहित विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) बनाएर स्रोतको खोजी थालिएको छ ।

देवशिला उत्खनन भएको गलेश्वर क्षेत्रलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ । मुस्ताङको कागबेनीमा पितृ तर्पण गर्न जाने भक्तजन र तीर्थयात्रीलाई बेनीको कालीगण्डकीमा स्नान गर्ने व्यवस्था मिलाउन लागिएको हो । कालीगण्डकी नदीमा मात्र पाइने विश्वमै दुलर्भ शालग्राम शिलालाई हिन्दू धर्मावलम्बीले भगवान् विष्णुको अवतार मान्ने गर्दछन् । कालीगण्डकी किनारको बेनी-गलेश्वर क्षेत्रमा ऋषिहरू पुलह, कपिल र जडभरतले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता छ । पौलत्स्य र जडभरत ऋषिको तपस्यास्थल एवं कालञ्जर पर्वतको फेदीमा रहेको देवशिला उद्गमस्थल धार्मिक हिसाबले धेरै महत्व रहेको हिन्दू धर्मगुरु जगद्गुरु हिमालय बाबाले बताउनुभयो ।

"अयोध्या र जनकपुरको धार्मिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई यो शिलाले कालीगण्डकी र म्याग्दीसम्म विस्तार गरेको छ", उहाँले भन्नुभयो, "शिला उत्खनन भएको ठाउँ धार्मिकस्थलकारुपमा विकास हुने र कालीगण्डकीको महत्व झनै बढेको छ ।"

कालीगण्डकीलाई हिन्दू धर्मावम्बीले कृष्णगण्डकीका रुपमा चिन्ने गर्छन् । शालिग्राम पाइने कालीगण्डकी नदीले पवित्र बनेका शिला भगवान्कै प्रतीक भएको गत वर्ष शिला लिन आउनुभएका राममन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कजले बताउनुभएको थियो । अयोध्याको राममन्दिर उद्घाटन र मूर्तिको प्राण प्रतिष्ठा भएका अवसरमा आज देवशिला उद्गमस्थलमा पूजाआजा र एक लाख २५ हजार बत्ती बालिएको छ । देशशिला अयोध्या पुऱ्याउने क्रममा कुनै असर परेको भएमा त्यसको पाप नलागोस् भनेर क्षमापूजासहित सवा लाखबत्ती बालिएको गलेश्वर क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो ।

# धार्चेमा अव्यवस्थित बसोबासीलाई निस्सा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

उत्तरी गोरखाको धार्चे गाउँपालिकामा निस्सा वितरण गर्न सुरुआत गरिएको छ ।

पालिकाभित्र रहेका अव्यवस्थित बसोबासीलाई शुक्रबारदेखि निस्सा वितरण गर्न सुरु गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले जानकारी दिनुभयो ।

ल ा म ा ` समयदेखि अव्यवस्थित रहेका बसोबासीलाई राष्ट्रिय भूमि आयोगले गाउँपालिकामार्फत निस्सा वितरण गरेको उहाँले बताउनुभयो । "गाउँपालिकामा वडा नम्बर ७ लापुबाट व्यवस्थित बसोबासीलाई निस्सा वितरण गर्न थालिएको छ", उहाँले भन्नुभयो, "पालिकाभित्रका सबै भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई क्रमशः निस्सा वितरण गर्दै जानेछौं ।"

अध्यक्ष गुरुङले प्रारम्भिक चरणमा लापुमा रहेका बाह्र घरधुरी अव्यवस्थित परिवारलाई निस्सा वितरण गरिएको उहाँले बताउनुभयो । "प्रक्रिया पुगेकालाई निस्सा वितरण गरिएको छ", उहाँले भन्नुभयो, "अब जग्गा नापजाँच लगाएका काम सकिएपछि लालपुर्जा वितरणको काम सुरु हुन्छ ।" निवेदनपरेकामध्येबाटवास्तविक अव्यवस्थित बसोबासीको पहिचान गरी निस्सा वितरण गरिएको उहाँको भनाइ छ । लालपुर्जा पाउने आशामा बसेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, र अव्यवस्थित बसोबासीलाई निस्सा पाएसँगै अब छिट्टै थप प्रक्रिया पूरा गरेर लालपुर्जा प्राप्त गर्ने जनाउँदै खुसी भएका छन् ।

आयोगले अव्यवस्थित बसोबासीलाई आयआर्जन, सम्पत्ति, जग्गाको प्रकृति, जग्गाको क्षेत्रफल बसोबासको मूल्याङ्कनलगायतका बिभिन्न आधारमा राजस्व लिएर जग्गा उपलब्ध गराउने व्यवस्था छ । त्यस्तै भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले भने जग्गा प्राप्त गर्दा राजस्व तिर्नु नपर्ने व्यवस्था रहेको छ ।

# काठमाडौँमा यस वर्षकै कम तापक्रम रेकर्ड

**रासस**
काठमाडौं, ८ पुस

काठमाडौंमा यस वर्षकै सबैभन्दा कम तापक्रम रेकर्ड गरिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सरोज पुडासैनीले सोमबार काठमाडौँमा यस वर्षकै कम तापक्रम (तीन दशमलव दुई) रेकर्ड गरिएको बताउनुभयो ।

यसअघि गएको डिसेम्बर ५ तारिखमा न्यूनतम तापक्रम तीन दशमलव पाँच डिग्री रेकर्ड गरिएको थियो । उक्त रेकर्ड ब्रेक गर्दै आज शुन्य दशमलव दुई डिग्रीले झरेको हो । आज काठमाडौँ उपत्यकामा पारदर्शिता पनि घटेको छ । उहाँका अनुसार सोमबार बढी चिसो अनुभव भएको छ । बिहानका समयमा चाहिँ हुस्सु जस्तो देखिएको छ । उहाँले परदर्शिता तीन हजार मिटर रहेको बताउनुभयो । यसअघि चार हजार मिटरमाथि नै हुने गरेकामा आज भने पारदर्शिता पनि घटेको हो । त्यसका कारण काठमाडौँमा सोमबार बिहानदेखि कतिबेला घाम लाग्ने र कतिबेला नलाग्ने भइरहेको छ । चन्द्रागिरिलगायत उपत्यकाको उच्च क्षेत्रतर्फको बस्तीमा अझै कम घाम लागेको छ । लागेको घाम पनि न्यानो खालको छैन । तराईका भूभागमा हुस्सु र कुहिरोले कुनै दिन खुल्ने कुनै दिन बेलुकासम्म नै हुस्सु कुहिरो लागिरहने गरेको पनि उहाँले बताउनुभयो । त्यसका कारण बढी चिसो महसुस हुने गरेको छ ।

# सडकले सहज बन्दै कालभैरवको यात्रा

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ माघ

कुनै सयम बागलुङ सदरमुकामदेखि मुस्किलले दुई घन्टामा पुगिने बलेवा कालभैरव मन्दिरमा अहिले एक घन्टामै पुगिन्छ । चार किमी सडक कालोपत्र र तीन किलोमिटर सडक स्तरोन्नति गरिएसँगै अहिले भैरवस्थापनसम्मको यात्रा समय छोटिएको हो ।

सडक स्तरोन्नति भएसँगै भैरवस्थानमा अहिले जिप, बस र ट्याक्सीसमेत पुग्न थालेको छ । पहिला धेरै भक्तजन हिँडेरै भैरवस्थान आउने गरेका थिए । सडक बने पनि व्यवस्थित नहुँदा भक्तजनलाई निकै समस्या बनाएकामा अहिले भैरवस्थान आउने सडक स्तरोन्नतिसँगै ट्याक्सी र बससमेत आउन थालेको भैरवस्थानका देवीप्रसाद पाठकले बताउनुभयो ।

"अहिले भक्तजन हिँडेर आउने कुरा भएन, सडक दुई वर्षअघिसम्म राम्रो थिएन, घरमुनि सवारीसाधन फसेर हैरान बनाउथ्यो, मन्दिर आउनै मुस्किल भएपछि भक्तजन कम आउन थालेका थिए", उहाँले भन्नुभयो, "अहिले त ट्याक्सी र कारसमेत आउन थालेको छ आधाभन्दा धेरै बाटो त कालोपत्र भइसक्यो, सडक नै विकासको मुख्य ढोका रहेछ, अहिले भैरवस्थानको महिमा सडकका कारण ह्वात्तै बढेको छ ।" जलकिनी घुम्तीदेखि जलजला हुँदै भैरवस्थान पुग्ने नौ किलोमिटर सडकमध्ये अहिले चार किलोमिटर सडक कालोपत्र भइसकेको छ भने थप दुई किमी सडक कालोपत्रका लागि ठेक्कामा गएको छ, अन्य तीन किमी सडकसमेत मर्मत गरिएको छ । विसं २०७९ मा जलकिनी घुम्तीबाट जलजलासम्म तीन किमी सडक नेपाल सरकारको समपूरक अनुदान र बागलुङ नगरपालिकाको साझेदारीमा कालोपत्र गरिएको थियो ।

स ङ ् घ ी य सरकारको ६० प्रतिशत र बागलुङ नगरपालिकाको ४० प्रतिशत साझेदारीमा उक्त सडक रु छ करोड नौ लाखमा कालोपत्र गरिएको बागलुङ नगरपालिकाका उपप्रमुख राज खड्काले बताउनुभयो । नगरपालिकाले लगानी गरेर कालोपत्र गरेको हालसम्मकै धेरै बजेटको सडक भैरवस्थान जाने सडक रहेको जानकारी दिँदै उहाँले सो सडकलाई भैरवस्थानसम्मै पुऱ्याउन पहल भइरहेको जानकारी दिनुभयो ।

गत वर्ष सङ्घीय सरकारअन्तर्गत सघन सहरी तथा भवन निर्माण आयोजनामार्फत रु ७९ लाख ६८ हजारमा एक किमी सडक कालोपत्र र स्तरोन्नति गरिएकामा चालु आर्थिक वर्षमा रु दुई करोड ५० लाख विनियोजन गरेर ठेक्कामा दिन लागिएको छ । उक्त बजेटबाट चालु आर्थिक वर्षमै ओखरबोटदेखि धापा खोलासम्म दुई किमी सडक कालोपत्र गरिनेछ । धापाखोलादेखि भैरवस्थानसम्मको बाँकी तीन किमी सडक मर्मत गर्न गण्डकी प्रदेशले रु ५० लाख बजेट विनियोजन गरेको प्रदेश सदस्य कृष्ण पाठकले जानकारी दिनुभयो । सङ्घीय सरकारले निरन्तर बजेट विनियोजन गरिरहेकाले भैरवस्थानसम्म दुई वर्षमै सडक कालोपत्र गरिने विश्वास व्यक्त गर्दै उहाँले प्रदेश सरकार पनि सराङ्गीदेखि भैरवस्थान पुग्ने सडक कालोपत्रका लागि बजेट विनियोजनको तयारीमा रहेको बताउनुभयो ।

यो सडक कालोपत्र भएमा भैरवस्थान मन्दिर राष्ट्रिय राजमार्गसँग जोडिने छ । धार्मिक पर्यटकीय क्षेत्र भैवस्थानलाई बागलुङ बजारसँग कालोपत्र सडकले जोड्ने योजना आगमी दुई वर्षभित्रै पूरा हुने भैरवस्थान मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र ढकालले बताउनुभयो । अहिले सडकले सहज गराएपछि भैरवस्थानमा शनिबार र मङ्गलबार दर्शनार्थीको भीड लाग्ने गरेको छ । छ वर्षदेखि व्यवस्थापन समिति नभएको भैरवस्थान मन्दिरमा आठ महिनाअघि व्यवस्थापन समिति बनाइएको छ । नयाँ समितिले पूर्वाधारको काममा तीव्रता दिएको समितिका अध्यक्ष ढकालको भनाइ थियो ।

भैरवस्थान मन्दिर वरपर तारबार गर्ने तथा व्यवस्थापन समितिको कार्यालय निर्माण गर्ने कार्य अहिले भइरहेको र सडक सहज बनेपछि यहाँ आउने भक्तजन बढेकाले तिनका लागि आवश्यक पूर्वाधार थपिन थालेको उहाँले जानकारी दिनुभयो । भक्तजनका सवारीसाधन पार्किङको व्यवस्था मिलाइएको छ । भैरवस्थान मन्दिर पुग्ने सडक सहज बनेपछि मूलाबारी, पर्यटकीय गाउँ भकुण्डे र भकुण्डे भ्यूटावरलगायत पर्यटकीय क्षेत्रमा पुग्न पर्यटकलाई सहज भएको छ ।